म.प.बै.सं. ०१।०८२

## संवत् २०८२ साल असोज ३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः Gen Z को आन्दोलनको क्रममा नष्ट भएका आ.व. २०८१/०८२ को कार्य सम्पादन मूल्याङ्कन फारमहरु प्रदेश निजामती सेवा ऐन, २०७७ तथा नियमावली, २०७९ को अनुसूची-२० को बुँदा नं. १० बमोजिम पुनः भरी/भराई आगामी कार्तिक मसान्तसम्म मूल्यांकन गर्ने/गराउने व्यवस्था मिलाउने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश मातहतका मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय, प्रतिष्ठान, केन्द्र, कार्यालयहरूमा कार्यरत प्रदेशका कर्मचारी, जनप्रतिनिधि र प्रदेश स्थित आयोग/निकायका पदाधिकारीहरूले Gen Z आन्दोलन अगाबै राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन पोर्टलमा प्रविष्टि गरि बुझाईसकेको आ.व. २०८१/०८२ को सम्पत्ति विवरण (खामबन्दिहरु) आन्दोलनका कारण नष्ट भएकोले पुनः भरी/भराई अनलाईन पोर्टलमा प्रविष्टि गरेको प्रिन्ट र कार्यालयको पत्र समेत संलग्न गरी सम्पत्ति विवरण (खामबन्दि सहित) आगामी कार्तिक मसान्तसम्म प्रदेश किताबखाना, मधेश प्रदेशमा बुझाउने व्यवस्था गर्ने।

३. भ्रष्टाचार नियन्त्रण र सुशासनको मुख्य माग राखी Gen Z पुस्ताले गरेको प्रदर्शनका क्रममा देशभर भएको अकल्पनीय भौतिक र मानवीय क्षतिप्रति मधेश प्रदेश सरकार गहिरो दुःख प्रकट गर्दछ। यस क्रममा सहादत प्राप्त गरेका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै, घाइतेहरूको उचित उपचारको प्रबन्ध र शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।

४. Gen Z पुस्ताबाट शान्तिपूर्वक गरिएको प्रदर्शनमा घुसपैठ गरी व्यक्ति हत्या, सरकारी तथा व्यक्तिगत सम्पत्ति तोडफोड, आगजनी तथा लुटपाट गर्ने व्यक्ति वा समूहको पहिचान गरी उनीहरूलाई कानुनको दायरामा ल्याउन सम्बन्धित निकायलाई अनुरोध गर्ने साथै Gen Z पुस्ताले उठाएका जायज मागहरूको सम्बोधन वर्तमान संविधानको परिधिभित्र रही खोजिनुपर्ने।

५. मधेश प्रदेशमा स्थायी ठेगाना भई उक्त प्रदर्शनमा सहादत प्राप्त गरेको सहिदका परिवारलाई थप राहत स्वरुप रु. २,५०,००० (दुई लाख पचास हजार) का दरले उपलब्ध गराउने।

६. भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेशका नि. सचिव श्री संजय प्रसाद साह मितिः २०८२/०५/२५ गतेदेखि विदामा बस्नुभएकोले आसन्न चाडपर्व र वर्तमान विषम परिस्थितिमा उक्त मन्त्रालयको काम/कारबाही नियमित रुपमा सञ्चालन गर्न मन्त्रालयका नि. सचिव श्री संजय प्रसाद साह हाजिरी नहुदासम्म ज्येष्ठ कर्मचारी सि.डि.ई. श्री प्रवीण प्रताप अधिकारी (क.स.नं. १९४५३६) लाई प्रशासनिक तथा आर्थिक अधिकार सहितको जिम्मेवारी तोक्ने।

म.प.बै.सं. ०२।०८२

## संवत् २०८२ साल असोज २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः आ. ब. ०८२/०८३ का लागि श्रावण १ गते देखि लागू हुने गरी मधेश प्रदेश अन्तर्गतका ८ वटा जिल्लाहरु खानेपानी तथा सरसफाई लगायतका खानेपानी कार्यक्रम कार्यान्यिवन गर्न र शहिद परिवारको एक सदस्य रोजगारीमा निरन्तरता दिन ५८ जना अस्थायी दरबन्दी सृजना गर्ने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः स्तरोन्नति तथा प्रदेश सरकारलाई हस्तान्तरण भई आएका अस्पतालहरुमा आ.ब. ०८२/०८३ का लागि ४३२(चार सय बत्तीस मात्र) जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः प्रयोगशाला/ब्लड बैंक/अस्पतालहरुमा आ.ब. ०८२/०८३ का लागि ३४२(तीन सय ब्यालीस मात्र) जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

४ शिक्षा विकास निर्देशनालय, मधेश प्रदेशमा कार्यरत शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृत दशौं तहका निमित्त निर्देशक श्री महेन्द्र महतो (क.सं.नं.१४१३७३) लाई अर्को व्यवस्था नभएसम्मका लागि खटिएकै निकायबाट तलबभत्ता भुक्तानी हुने गरी मधेश प्रज्ञा प्रतिष्ठान, जनकपुरधाममा कामकाजमा खटाउने।

५. शिक्षा विकास निर्देशनालय, मधेश प्रदेशमा कार्यरत शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृत नवौं तहका उपसचिव श्री किशोरी कापर (क.सं.नं.२०८०६०) लाई अर्को व्यवस्था नभएसम्मका लागि शिक्षा विकास निर्देशनालयको निमित्त निर्देशकको जिम्मेवारी दिने।

६. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मधेश प्रदेशमा कार्यरत स्वास्थ्य सेवा, ज.हे.स. समूह, अधिकृत एघारौं तहका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट श्री सुनिल प्रसाद कुशवाहा (क.सं.नं.२०४७७४) लाई प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५ को उपदफा (२) बमोजिम प्रादेशिक अस्पताल, सिरहामा प्रमुख मेडिकल सुपरिटेन्डेन्ट पदमा सरुवा गर्ने।

७. स्वास्थ्य तालिम केन्द्र, बारामा पदाधिकार रहि स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशमा कार्यरत स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, अधिकृत एघारौं तहका निर्देशक श्री सरोज चन्द्र न्यौपाने (क.सं.नं.२२५१७१) लाई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मधेश प्रदेशको निर्देशक भई कामकाज गर्न थप जिम्मेवारी प्रदान गर्ने।

८. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशमा कार्यरत प्रशासन सेवा, सामान्य प्रशासन समूह रा.प. प्रथम श्रेणीका प्रदेश सचिव श्री उद्धव प्रसाद रिजाल (क.सं.नं. १३९७७३) लाई गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेशमा काजमा खटाउने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

म.प.बै.सं. ०३।०८२

**संवत् २०८२ साल असोज ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मिति २०८२।०६।२९ गते नेपालको संविधानको धारा १६८ बमोजिम मधेश प्रदेश सभा सदस्य माननीय जितेन्द्र प्रसाद सोनार 'सोनल' लाई मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गर्नु भएकोमा माननीय प्रदेश प्रमुख श्री सुमित्रा सुवेदी भण्डारीप्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्ने।

२. राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका निम्ति विभिन्न समयमा देशमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्लोदन लगायत हालै सुशासन, विकास र समृद्धिको माग राखी भएको Gen Z आन्दोलनका क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण अमर शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै, उक्त आन्दोलनमार्फत अभिव्यक्त भावना अनुसार तत्काल परिणाम देखिने गरी प्रदेशमा सुशासन, पारदर्शि र जनउत्तरदायि व्यवस्थाको प्रत्याभूति गराउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।